२०६५ साल माघ २ गते रोज ५ का दिन १६.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. नेपाल सरकारले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत संविधान सभामा रिक्त सदस्य पदको उप-निर्वाचन संबत् २०६५ साल चैत २८ गते शुक्रबारका दिन हुने गरी संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा १५ बमोजिम तोकेको छ । सो प्रयोजनका लागि निर्वाचन आयोगलाई अनुरोध गर्ने ।

२. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पीताम्वर शर्माले आफ्नो पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने र वहाँले गर्नुभएको कामको लागि धन्यवाद दिने ।

३. मं.प.बै.सं. १७।०६५ मिति २०६५।५।१५ र मं.प.बै.सं. २९।०६५ मिति २०६५।७।२० को मन्त्रिपरिषद्को बैठकबाट गठित राष्ट्रिय योजना आयोगको देहायबमोजिम पुनर्गठन गर्ने-

   १. डा. गुणनिधि शर्मा, पाल्पा - उपाध्यक्ष
   २. श्री राममणि पोखरेल, सुनसरी - सदस्य
   ३. डा. लक्ष्मी देवकोटा, गोरखा - सदस्य
   ४. श्री प्रेमबहादुर कुँवर, अछाम - सदस्य
   ५. श्री दिनेश देवकोटा, गोरखा - सदस्य

४. मं.प.बै.सं. ३७।०६५ मिति २०६५।९।२३ को मन्त्रिपरिषद्को बैठकबाट गठित विशेष समितिमा देहायका महानुभावहरुलाई सदस्य तोक्ने-

   १. नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को प्रतिनिधि सदस्यमा
      (क) माननीय रामबहादुर थापा, रक्षा मन्त्री
   २. नेपाल कम्युनिष्ट पार्टी (एमाले) को प्रतिनिधि सदस्यमा
      (क) माननीय वामदेव गौतम, उपप्रधानमन्त्री तथा गृह मन्त्री
      (ख) माननीय भीमबहादुर रावल
   ३. नेपाली कांग्रेसको प्रतिनिधि सदस्यमा
      (क) माननीय डा. रामशरण महत
      (ख) माननीय डा. मीनेन्द्रप्रसाद रिजाल
   ४. मधेशी जनअधिकार फोरम, नेपालको प्रतिनिधि सदस्यमा
      (क) माननीय जयप्रकाश प्रसाद गुप्ता, कृषि तथा सहकारी मन्त्री
      (ख) प्रा. मोहम्मद हविबुल्लाह

५. मं.प.बै.सं. ३६।०६५ मिति २०६५।९।१६ को मन्त्रिपरिषद्को निर्णयानुसार मं.प.आ.पू.स. १०।०६५ मिति २०६५।९।१७ को मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति र मन्त्रिपरिषद्, विधेयक समितिको संयूक्त बैठकबाट स्वीकृत "सुकुम्बासी समस्या समाधान सुझाव आयोग, २०६५" को दफा १. को उपदफा (१) को खण्ड (ख) मा रहेको "तीन जना" भन्ने व्यहोराको सट्टा "पाँच जना" भन्ने व्यहोरा राख्ने ।

६. सुकुम्बासी समस्या समाधान सुझाव आयोग, २०६५ को दफा १. को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम सो आयोगको अध्यक्ष र सदस्यमा देहायका व्यक्तिहरुलाई नियुक्ति गर्ने-

   १. श्री कैलाश महतो, महोत्तरी - अध्यक्ष
   २. श्री दीपक राई, ओखलढुङ्गा - सदस्य
   ३. श्री पार्वती दुलाल, कञ्चनपुर - सदस्य

७. मं.प.बै.सं. ३७।०६५ मिति २०६५।९।२३ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत युवा तथा खेलकूद मन्त्रालयको राष्ट्रपति रनिङ शिल्ड नामकरण गर्ने विषयको नं.११क।२-०६५।९।२० को प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने -

"(ख) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको सञ्चालन एवं व्यवस्थापन जिल्ला खेलकूद विकास समितिबाट हुनेछ । सो प्रतियोगिता सञ्चालनका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, स्थानीय विकास अधिकारी लगायतका पदाधिकारीहरुको सहयोग र समन्वय जुटाउने व्यवस्था युवा तथा खेलकूद मन्त्रालयले मिलाउने ।"

८. जापान सरकारले नेपाल सरकारलाई बनेपा-सिन्धुली-बर्दिवास सडक तेस्रो खण्डको विस्तृत डिजाइन कार्यको लागि उपलब्ध गराउने अनुदान सहयोग स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।११५-०६५।९।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्ति गर्ने (श्री दीपेन्द्रबहादुर क्षेत्रीलाई) विषयको अर्थ मन्त्रालयको नं. २।११६-०६५।९।२३ को प्रस्ताव - नेपाल राष्ट्र बैङ्कको गभर्नर पदमा श्री दीपेन्द्रबहादुर क्षेत्रीलाई नियुक्ति गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. नेपाल सरकार र नर्वेजियन सरकारबीच विकास सहयोग सम्बन्धी समझदारीपत्रमा सहमति प्रदान गरी हस्ताक्षर गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।११९-०६५।९।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि स्वीस सरकारले उपलब्ध गराउने अनुदान सहायता स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१२०-०६५।९।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. जुट उद्योगको समस्या समाधान विषयको अर्थ मन्त्रालयको नं. २।१२१-०६५।१०।२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" मा देहायबमोजिम मिलाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

(क) प्रस्तावित कार्यदलमा उद्योग मन्त्रालयको प्रतिनिधि थप गर्ने ।

(ख) विराटनगर जूट मिल्स तथा वुटवल धागो कारखानाको समस्याको स्थायी रूपमा समाधान गर्न उद्योग मन्त्रालयका सह सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सह सचिव तथा अर्थ मन्त्रालयका सह सचिव (वजेट महाशाखा) रहेको एक कार्यदल गठन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्ने व्यवस्था उद्योग मन्त्रालयले मिलाउने ।

१३. औषधी उपचारको रकम उपलब्ध गराउने (संविधान सभाका सदस्य मा. राजकुमार (नाल्बो) लिम्बुलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।५०-०६५।९।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. धार्मिक शहीद घोषणा गर्ने (स्व. खुर्सिद आलमलाई) विषयको गृह मन्त्रालयको नं. ६।१९८-०६५।९।१८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने (श्री रोमराज सार्की समेतलाई) विषयको गृह मन्त्रालयको नं. ६।२०२-०६५।९।२७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. भिसा दस्तुर र विलम्ब दस्तुर मिनाहा दिने विषयको गृह मन्त्रालयको नं. ६।२०९-०६५।१०।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. टनकपुर विद्युत गृहबाट नेपाल सरकारलाई प्राप्त हुने रोयल्टीको अंश स्थानीय निकायमा उपलब्ध गराउने विषयको जलस्रोत मन्त्रालयको नं. ७।३०-०६५।९।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. नेपाल सरकार र अरब गणतन्त्र इजिप्ट सरकारबीच हुने पर्यटन सहयोग सम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१६-०६५।९।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमणमा लागेको खर्चको निकासा विषयको परराष्ट्र मन्त्रालयको नं. ८।४२-०६५।९।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. भारतका विदेश मन्त्री र चीनका विदेश मन्त्रीले गर्नुभएको नेपालको औपचारिक भ्रमणका सिलसिलामा लागेको खर्चको निकासा विषयको परराष्ट्र मन्त्रालयको नं. ८।४३-०६५।९।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. नेपालको अनौपचारिक भ्रमणमा आउनुभएका भारतका भूतपूर्व राष्ट्रपति महामहिम Mr. APJ Abdul Kalam र द्विपक्षीय परामर्श बैठकमा भाग लिन नेपाल आउनुभएका प्रजातान्त्रिक जनगणतन्त्र कोरियाका उपविदेश मन्त्रीको आतिथ्यमा भएको खर्चको निकासा विषयको परराष्ट्र मन्त्रालयको नं. ८।४४-०६५।९।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. नेपालको भ्रमणमा आउनुभएका विभिन्न देशका विशिष्ट पदाधिकारीहरुको आतिथ्यमा भएको खर्चको निकासा (नर्वेका वातावरण तथा विकास मन्त्री समेतको) विषयको परराष्ट्र मन्त्रालयको नं. ८।४५-०६५।९।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. वरुण हाइड्रोपावरलाई आयोजना निर्माणको लागि रुखहरु हटाई वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।३८-०६५।९।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. नेपाल विद्युत प्राधिकरणलाई पथलैया सवस्टेशन आयोजना निर्माणको लागि रुखहरु हटाई वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।३९-०६५।९।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. रक्तचन्दन भारतलाई फिर्ता उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।४१-०६५।१०।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. Asia-Pacific Sub-regional Environment Policy Dialogue विषयक कार्यक्रममा भाग लिने (मा. मन्त्रीले) विषयको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको नं. १४।२२-०६५।९।२५ को प्रस्ताव - माननीय मन्त्रीलाई भैपरी खर्च वापत अमेरिकी डलर तीन सय उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. बैठकमा भाग लिने (मा. मन्त्रीलाई) विषयको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको नं. १४।२३-०६५।१०।२ को प्रस्ताव - माननीय मन्त्रीलाई भैपरी खर्च वापत अमेरिकी डलर तीन सय उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. सम्मेलनमा भाग लिने (मा.मन्त्रीको नेतृत्वमा) विषयको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको नं. १४।२४-०६५।१०।२ को प्रस्ताव - माननीय मन्त्रीलाई भैपरी खर्च वापत अमेरिकी डलर तीन सय उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२९. सार्वजनिक यातायातको क्षेत्रमा अघोषित रूपमा रहेको सिण्डिकेट/आलोपालो प्रथाको अन्त्य गर्ने विषयको श्रम तथा यातायात व्यवस्था मन्त्रालयको नं. १७।२३-०६५।७।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३०. विविध सेवा, विशेष समूहका कर्मचारीहरुको स्वेच्छिक अवकाश योजना विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।६१-०६५।९।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३१. निजामती कर्मचारी अस्पतालमा Tube-well and Water Treatment Plant निर्माण सम्बन्धी सम्झौता विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।६३-०६५।१०।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३२. श्रमजीवी पत्रकार सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।४४-२०६५।९।२५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने-

"मन्त्रिपरिषद्, विधेयक समितिको सिफारिश बमोजिम परिमार्जन गरिएको यसैसाथ संलग्न श्रमजीवी पत्रकार सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने ।"

३३. स्मृति प्रतिष्ठानहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी मापदण्ड स्वीकृत गर्ने विषयको संस्कृति तथा राज्य पुन:संरचना मन्त्रालयको नं. २०।४१-०६५।९।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३४. गरिवी निवारण कोषका उपाध्यक्ष डा. रामप्रकाश यादवको राजिनामा स्वीकृत गर्ने र वहाँले गर्नुभएको कामको लागि धन्यवाद दिने ।

३५. जनसहभागितामा आधारित शान्ति र विकासमा श्रममूलक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।९७-०६५।८।२५ को प्रस्तावमा मं.प.बै.सं. ३२।०६५ मिति २०६५।८।२५ को मन्त्रिपरिषद्को निर्णयबाट “मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।” भन्ने निर्णय भएकोमा यसैसाथ संलग्न ‘जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५’ स्वीकृत गर्ने ।

३६. स्वरोजगार कोष सञ्चालन नियमावली, २०६५ स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१००-०६५।८।२५ को प्रस्तावमा मं.प.बै.सं. ३२।०६५ मिति २०६५।८।२५ को मन्त्रिपरिषद्को निर्णयबाट “मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने ।” भन्ने निर्णय भएकोमा यसैसाथ संलग्न ‘युवा तथा साना व्यवसायी स्वरोजगार कोष संचालन गठन नियमावली, २०६५’ स्वीकृत गर्ने ।

३७. अर्को व्यवस्था नभएसम्म मुद्रण विभागको तेस्रो तल्ला प्रशासकीय अदालतलाई प्रयोग गर्न दिने ।

३८. मं.प.बै.सं. ३७।०६५ मिति २०६५।९।२३ को मन्त्रिपरिषद्को बैठकबाट आगामी १६-२५ जनवरी २००९ सम्म जर्मनीको वर्लिनमा आयोजना हुने कार्यक्रममा माननीय कृषि तथा सहकारी मन्त्रीलाई सहभागी हुन पठाउने निर्णय भएकोमा उल्लिखित भ्रमण अवधिको सट्टा २१-३० जनवरी २००९ सम्म भ्रमण अवधी कायम गर्ने ।

३९. रेडियो टुडे, जनकपुर धनुषामा कार्यरत पत्रकार उमा सिंहको अज्ञात समूहको आक्रमणबाट मृत्यु भएकाले निजलाई ‘पत्रकार शहीद’ घोषणा गर्ने र निजको परिवारलाई राहत स्वरुप दश लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालय मार्फत निकासा दिने ।

४०. आर्थिक सहायता उपलब्ध गराउने (श्रीमती गोमा कुँवरलाई) विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।४८क-०६५।१०।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४१. काठमाडौं जिल्ला, जितपुरफेदी-२ निवासी विवेक देवकोटाको गोडा काटिदिएको हुँदा निजलाई राहत स्वरुप पाँच लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालय मार्फत निकासा दिने ।

४२. देहायबमोजिम गर्ने-

(क) सप्तरी जिल्ला, कञ्चनपुर -६ निवासी मदनमोहन गुप्ताको निवेदनलाई दृष्टिगत गरी निजको पिता गणेश गुप्ताको ग्ल्याण्ड क्यान्सर रोगको उपचार गर्न दुई लाख पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(ख) सर्लाही जिल्ला, मलङ्गवा निवासी मो. अख्तर हसेनको निवेदनलाई दृष्टिगत गरी निजको खुट्टाको उपचार गर्न पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

*द्रष्टव्य: निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*